# अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

ज्ञानेश्वर, काठमाडौ

UTKHPL

## पदपूर्ति सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६।११।२८)

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड कम्पनीमा रिक्त रहेका अधिकृतस्तरका देहायका पदहरू खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्न तपसिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले कम्पनीबाट स्वीकृत दरखास्त फारम भरी मिति २०७६।१२।१८ गते भित्र र दोब्बर दस्तुर तिरी मिति २०७६।१२।२५ भित्र कम्पनीको ज्ञानेश्वर स्थित कार्यालयमा आइपुग्ने गरी रीतपूर्वकको दरखास्त आव्हान गरिन्छ । रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजात संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | आवश्यक संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| २०७६/७७ प्र. ७/१ | प्रशासन अधिकृत | ७ | प्रशासन | प्रशासन | १ | स्नातकोत्तर तह उतिर्ण गरेको । |
| २०७६/७७ प्र. ७/२ | लेखा अधिकृत | ७ | प्रशासन | लेखा | १ | वाणिज्यशास्त्रमा वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उतिर्ण । |
| २०७६/७७ प्र. ७/३ | सहायक प्रशासन अधिकृत | ६ | प्रशासन | प्रशासन | १ | स्नातक तह उतिर्ण गरेको । |
| २०७६/७७ प्र. ७/४ | सहायक लेखा अधिकृत | ६ | प्रशासन | लेखा | १ | वाणिज्य शास्त्रमा वा व्यापार प्रशासनमा स्नातक तह उतिर्ण । |

**उक्त पदहरूको लागिः**

(१) दरखास्त प्राप्त गर्ने र बुझाउने स्थानः दरखास्त फाराम अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको Website:www.tamakoshihydro.org.np बाट download गरी A4 साईजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपी गर्न सकिनेछ । दरखास्त फाराममा तोकिएको विवरण भरी कार्यालय समय भित्र कम्पनीको कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा बुझाउन सकिनेछ ।

(२) परिक्षा दस्तुरः तह-७ को लागि रु.९५०/- र तह-६ को लागि रु.८५०/- कम्पनीको सनराइज बैंक लिमिटेडको खाता नं. ०६९०४२३११८७०१००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर दरखास्त फाराम साथ संलग्न गर्नु पर्नेछ ।

(३) उमेरः दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

(४) परीक्षाको किसिमः लिखित र अन्तवार्ता ।

(५) निम्नलिखित कागजातहरूका प्रतिलिपिमा उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछः-
(क) नागरिकताको प्रमाणपत्र, (ख) शैक्षिक योग्यताको प्रमाणपत्र, (ग) चारित्रिक प्रमाणपत्र (उमेर खुलेको हुनुपर्ने)

(६) विदेशी शिक्षण संस्थाबाट प्रमाणपत्र पाएका उम्मेदवारहरुले सम्बन्धित निकायबाट स्तर निर्धारण र मान्यता प्राप्त गरेको प्रमाणपत्र ।

(७) तलव र सुविधाः कम्पनीको नियमानुसार ।

(८) काम गर्नुपर्ने स्थानः अपर तामाकोशी हाइड्रोपावर लिमिटेड, ज्ञानेश्वर काठमाडौं र अन्तर्गतको आयोजना तथा कार्यालयहरु ।

(९) पदले गर्नु पर्ने कामः सम्बन्धित सेवा, समूहले गर्ने कामहरू ।

(१०) परीक्षणकालको अवधीः छ (६) महिना ।

(११) दरखास्त दिने अन्तिम मितिका दिन सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिनेछ ।

(१२) परीक्षा सम्बन्धी कार्यक्रम गोरखापत्रमा पछि प्रकाशन गरिनेछ ।

(१३) विज्ञापन रद्द भएको अवस्थामा वाहेक परिक्षा दस्तुर फिर्ता हुनेछैन ।

(१४) यस विज्ञापनमा लेखिएका अन्य आधारहरू पुरा नभएमा वा झुठ्ठा विवरण पेश गरेको पाइएमा दरखास्त अस्वीकृत हुनेछ ।

(१५) पाठ्यक्रम कम्पनीको Website:www.tamakoshihydro.org.np बाट download गर्न सकिनेछ ।

(१६) विस्तृत जानकारीको लागि कम्पनीको कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

सचिव
पदपूर्ति उपसमिति